# धितोमा रहेको अचल सम्पत्ति (घर जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत पुनः लिलाम बिक्रीको ७ दिने सूचना

(प्रकाशित मिति २०८०/०४/०४)

यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय पोखराबाट तपसिलमा उल्लेखित ऋणीले कृषि कर्जा शीर्षक अन्तर्गत कर्जा लिई उपभोग गर्नु भएको र निज ऋणीले बैंकसँग भए गरेको सम्भौता अनुसार तोकिएको समयमा कर्जा नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकाले विभिन्न मितिहरुमा कर्जा चुक्ता भुक्तान गर्न आउनु भनी विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरुमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितो जमानीकर्ताहरु र व्यक्तिगत धन जमानीकर्ताहरु समेतलाई सुचित गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, हर्जना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले उपरोक्त कर्जाहरुको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पत्ति (जग्गा) जे जस्तो अवस्था र परिमाणमा छ सोहि अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानुनको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरि बैंकको लेना रकम असुलउपर गर्नका लागि यो ७ (सात) दिने पुन : लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ, धितोमा रहेको चल/अचल सम्पत्ति गोप्य सिलबन्दी बोलपत्रमार्फत खरिद गर्न इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समाय भित्र यसै सूचना तथा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपूर्वक भरी यस बैंकको शाखा कार्यालय पोखरा, पोखरा म.न.पा वडा नं. ०८,न्यूरोड कास्कीमा आइपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्रीबाट बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली निति तथा अन्य प्रचलित ऐन, कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जाय जेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

## तपसिल

| ऋणीको नाम र ठेगाना | धितोको विवरण |
|---|---|
| ऋणीको नाम : नेत्र बहादुर गुरुङ्ग<br>ठेगाना : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>हाल : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>ना.प्र.नं.: ५१३४३<br>जारी मिति: २०५३/११/०८ कास्की<br>बाबुको नाम : देवान सिं गुरुङ्ग<br>बाजेको नाम : मकान सिं गुरुङ्ग<br>ऋणको प्रकार : कृषि कर्जा | सन्त कुमारी गुरुङ्गको नाममा कास्की जिल्ला मालपोत कार्यालय, कास्कीमा दर्ता स्रेस्ता कायम रहेको कास्की जिल्ला पुरन्चौर-१, स्थित कित्ता नं.: ७४० क्षेत्रफल: ३-९-१-० (रोपनी) जग्गा र उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |
| १) व्यक्तिगत धनजमानी दिनेको नाम : सन्त कुमारी गुरुङ्ग<br>ठेगाना : सार्दिखोला गा.वि.स ०३, कास्की<br>हाल : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>ना.प्र.नं.: १५७<br>जारी मिति: २०४३/०८/२५ कास्की<br>पतिको नाम : देवान सिं गुरुङ्ग<br>ससुरको नाम : मकान | २) व्यक्तिगत धनजमानी दिनेको नाम : राधा गुरुङ्ग<br>ठेगाना : सार्दिखोला गा.वि.स.०३, कास्की<br>हाल : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>ना.प्र.नं.: ४६३०१८/२७०<br>जारी मिति: २०६३/१०/१६ कास्की<br>पतिको नाम : नेत्र बहादुर गुरुङ्ग<br>ससुराको नाम : देवान सिं गुरुङ्ग |

**लिलाम बिक्रीका शर्तहरु**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड तथा शाखा कार्यालयहरु बाट प्राप्त गर्न सकिनेछ।

२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर सलग्न गर्नुपर्ने छ र सो रकमको कुनै ब्याज दिइने छैन। साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन।

३. बोलपत्रकर्ता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। साथै बोलपत्रकर्ता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/ कम्पनी / फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ।

४. सिलबन्दी बोलपत्र मिति २०८०/०४/१० दिनको ३:०० बजे भित्रमा बैंकको शाखा कार्यालय पोखरा, पो.म.न.पा. ०८,न्यूरोड कास्की, आईपुग्ने गरि बुझाउनुपर्ने छ। उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिनमा बोलपत्र फारम बुझाउनु पर्ने छ। गोप्य सिलबन्दी बोलपत्रहरु मिति २०८०/०४/११ गते बिहिवार अर्थात ८ औं दिन दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय पोखरा, पोखरा म.न.पा-८, न्यूरोड कास्कीमा उपस्थित प्रतिनिधिहरु, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिन खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मिती भित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको (लिलाम सकार गरेको सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्ने छ। यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ। सम्पत्ति (घर जग्गा ) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरु सकार गरी लिन स्वयमले व्यहोर्नु पर्नेछ।

६. बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैले सकार गर्न वा पूनः सूचना जारी गरी लिलामी प्रक्रियामा जानसक्नेछ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा नसकेमा धरौटी रकम स्वत : जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ।

८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्णअधिकार यस डेभलपमेन्ट बैंकमा निहित हुनेछ।

९.यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोड तथा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

१०. अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**पुनश्चः** उल्लेखित ऋणी (अ.प्रा व्यक्ति प्रोप्राइटर)/धितो जमानीकर्ता / धन जमानी दिनुहुने व्यक्तिहरुसमेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम बुझाई एव बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुनः जानकारी गराइन्छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकाले उक्त दिन स्वयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिहरुको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनका लागि सूचित गरिन्छ। उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहीं कतै कुनै पनि किसिमको उजुर बाजुर गर्न पाइने छैन।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

| केन्द्रीय कार्यालय | शाखा कार्यालय कास्की |
|---|---|
| पोखरा-८, न्यूरोड, कास्की | पोखरा-८, न्यूरोड, कास्की |
| फोन नं: ०६१-५८३५९०, ५८३६३४ | फोन नं: ०६१ -५८३५९० |